# स्वर्गद्वारी नगरपालिका
# स्वास्थ्य नीति र रणनीतिहरु

## १. पृष्ठभूमि

नेपालको संविधानले नि:शुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ ।देश संघीय शासन प्रणालीमा गइसकेको अवस्थामा स्वास्थ्य सेवाका संरचना तथा सेवा प्रणाली पनि संघ, प्रदेश र स्थानीय गरी तिन तहमा विभाजन गरिएको छ ।साथै यस अवस्थामा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सर्वव्यापी पहुँच पुर्याउनु स्थानिय तहको पनि महत्वपूर्ण दायित्व हो ।संविधान बमोजिम विभिन्न तहले सम्पादन गर्ने कार्यहरुको अधिकार सूची, संघीय नीति तथा कार्यक्रमहरु, दिगो विकास लक्ष्य, नेपालले विभिन्न समयमा गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु एवं स्थानिय तहको स्वास्थ्य क्षेत्रभित्रका समस्या र चुनौतीहरु, स्थानिय नीति, उपलब्ध साधन र स्रोत, तथ्य तथा प्रमाणहरुलाई समेत विश्लेषण गरी स्थानिय तह अन्तर्गतको स्वर्गद्वारी नगरपालिकाले स्वास्थ्यमा प्राथमिकता तय गरेको छ । यसकै आधारमा स्वर्गद्वारी नगरपालिकाले स्वास्थ्य र समृद्धिका लागि **"समृद्ध स्वर्गद्वारी नगरपालिका स्वस्थ र खुसी जनता"** भन्ने मूल नारालाई सार्थक बनाउनको लागि स्वर्गद्वारी नगरपालिकाको स्वास्थ्य नीति तथा पञ्च बर्षिय रणनीतिक योजना(२०७६-२०८१) तयार गरिएको छ ।

## २. विगतका प्रयासहरू

नेपालको स्वास्थ्य क्षेत्र बिभिन्न सामाजिक तथा साँस्कृतिक मुल्य मान्यता र व्यक्तिगत ज्ञान सिपमा आधारित उपचार पद्धतीबाट विकास हुँदै क्रमश: आयुर्वेदिक पद्धती र आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात भएको पाइन्छ । सत्रौ शताब्दीमा सिंहदरबार बैद्य खानाको स्थापना बाट शुरु भएको स्वास्थ्यको इतिहासले बिभिन्न आरोह अबरोह पार गर्दै आज स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा सबिंधानले ब्यवस्था गरि सोही बमोजिमका नीति, रणनीति तथा कार्यक्रम बनी क्रमश: कार्यान्वयन हुदै छ । स्वर्गद्वारी नगरपालिको सन्दर्भमा स्वास्थ्य क्षेत्रमा भएका विगतका प्रयासहरुलाई मुख्यतया पूरानो संरचना अनुसार स्वास्थ्य सेवा प्रवाह हुदै आइरहेकोमा हाल संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरिएको नयाँ पद्धति बमोजिम सेवा प्रवाहको पहलहरु भइरहेका छन।

स्थानिय तहको घोषणा भए पश्चात यस नगरपालिकाको स्वामित्वमा हस्तान्तरण भएका स्वास्थ्य संस्थाहरुको सेवामा थप सुधार हुनुको साथै हाल सम्म स्वास्थ्य संस्था नभएका वडाहरुमा २ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको यस आ.व.मा स्थापना गरि संचालनमा ल्याउन सफल भएका छौ. भने ३ वटा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना भइसकेका छन,२ वटा खोपकेन्द्र भवनहरु निर्माण भएका छन भने दुईवटा स्वास्थ्य संस्था भवन र दुइवटा खोपकेन्द्र भवन निमार्णको थालनी प्रकृयामा छन ।यसै गरि स्वास्थ्य संस्थामा प्रोटोकल बमोजिम जाँच गराउन आउने गर्भवति महिला र संस्थागत सुत्केरी हुने आमाहरुलाई**"उपमेयर कोसेली सेवा कार्यक्रम"**अन्तरगत झोला सहित बिभिन्न पोषणयुक्त खानेकुराहर,ब्यक्तिगत सरसफाइ संग सम्बन्धित सामाग्री सहित थप रु. १०००।०० (एक हजार) यातयात खर्च प्रदान गरिदै आइरहेको छ भने ३ र ७ दिनमा घरमै गई सुत्केरी जाँच गरिने ब्यबस्था गरिएको छ । तोकिएका दीर्घरोगिहरुकालागि एक पटकका लागि रु.१०,०००।०० ( दश हजार)आर्थिक सहयोग प्रदान गरिदै आइरहेको छ ।सबै स्वास्थ्य संस्थाहरुमा तोकिएका औषधिहरु तथा सेवाहरुमा सुधार गरिएको छ ।

## ३. विद्यमान स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार स्वर्गद्वारी नगरपालिकाको कुल जनसंख्या ३०९४० रहेको छ जस मध्ये पुरुषको जनसंख्या ४१ प्रतिशत र महिला ५९ प्रतिशत रहेको छ । यस नगरपालिकाको जनघनत्व **१३८**प्रतिवर्ग कि.मि. रहेको छ जुन राष्ट्रिय (१८० प्रतिवर्ग किमि) भन्दा कम हो । यस नगरपालिकामा जम्मा घरधुरी संख्या **६९६८** छ भने औषत परिवार संख्या **४.४४** जना रहेको छ । आश्रित जनसंख्या ५१.८६ रहेको छ ।

यस पालिकामा स्वास्थ्य सेवा प्रवाह गर्न  प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी ६,आधारभुत स्वास्थ्य सेवा केन्द्र २, शहरी स्वास्थ्य केन्द्र ३,  गाँउघर क्लिनिक २१, खोप क्लिनिक ३५, महिला स्वास्थ्य स्वयम् सेबिका(म.स्वा.स्वं.से.) ६३, बर्थिङ सेन्टर ६, आधारभूत आकस्मिक प्रसुती तथा नवजात शिशु सेवा केन्द्र १, आयुर्वेद औषधाय २ रहेका छन् । यस्तै बिभिन्न किसिमका**६** निजी स्वास्थ्य क्लिनिकहरुले सेवा प्रदान गरेको देखिन्छ ।

## ४.सबल पक्ष,समस्याहरू, अवसरहरु तथा चुनौतीहरू

### सवल पक्षहरु

- संस्थागत सुत्केरीहुने आमाहरुलाई ३ र ७ दिनमाघरमै जाँचको ब्यबस्था भएको ।
- एक वडा एक स्वास्थ्य संस्थाको निती बमोजिम सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु स्थपना भएको
- शहरी स्वास्थ्य केन्द्रहरुको क्रमश स्थापना हुदै गइरहेको ।
- गाउँघर क्लिनिक र खोप क्लिनिकको संचालनमा नियमितता भएको ।
- पूर्ण खोप नगरपालिका घोषणा भइ निरन्तरता दिइरहेको ।
- स्वास्थ्यको पहुँच भन्दा टाढा रहेको बस्तीहरुलाई शहरी स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवाको पहुँच पुऱ्याएको ।
- ड्रोन मेसिनको प्रयोग साथै जिन एष्पट मेसिनमा खकार जाँचगरी क्षयरोगको समयमै निदान र उपचारको ब्यबस्था भएको ।
- नियमित औषधीको आपूर्तिको ब्यबस्था भएको ।
- स्वास्थ्य विमा कार्यक्रम लागु भएको ।
- दिर्घ रोगीका लागि यस नगरपालिकाबाट उपचारमा टेवा पुग्नेगरी प्रति ब्यक्ति रु १०,०००।०० (दश हजार) सहयोग गर्ने गरेको ।
- स्वास्थ्य संस्थामा प्रोटोकल बमोजिम चार पटक जाँच गराउन आउने गर्भवति महिला र संस्थागत सुत्केरी हुने आमाहरुलाई**"उपमेयर कोसेली सेवा कार्यक्रम"**अन्तरगत झोला सहित बिभिन्न पोषणयुक्त खानेकुराहरु,ब्यक्तिगत सरसफाई संग सम्बन्धित सामाग्री सहित थप रु. १०००।०० (एक हजार) यातयात खर्च प्रदान गरिदै आइरहेको छ
- खोपकेन्द्र भवन क्रमश बनाउदै गएको ।
- बिपद ब्यबस्थापन कोष स्थापना भएको ।
- असहाय तथा बिपन्न नागरिकलाई आर्थिक सहयोग गर्ने गरिएको ।

### समस्याहरु

- सबै खोप/गाउँघर क्लिनिकहरुको भवन निर्माण गर्न नसकिएको ।
- विद्यालय स्वास्थ्य पोषण कार्यक्रममा लक्ष्य अनुसार समयमै माग र प्रगतिको प्रतिवेदन नभएको
- सबै म.स्वा.से. ले आधारभूत तालिम नपाएको।
- स्वास्थ्य प्रोफाईल तयार नभएको ।
- धेरै जसो स्वास्थ्य संस्थाहरुको आफ्नै जग्गा नभएको ।
- शहरी स्वास्थ्य केन्द्रमा वर्थिङ सेन्टर सेवाको प्राबधान नभएको ।
- स्वास्थ्य विमालाई व्यवस्थित गर्न नसकिएको।
- प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नती हुन नसकेको ।
- दरबन्दिी अनुसारको जनशक्ति नभएको ।
- सिपमूलक तालिम सबै जनशक्तिलाई दिन नसकिएको

**अवसरहरु**

- स्थानिय तहले स्वास्थ्य सम्बन्धि सेवा प्रदान गर्न नीति रणनीति तयार गर्ने जिम्मेवारी पाउनु ।
- बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको फोकल शिक्षक तोकिनु तथा मा.बि.तहमा नर्सिङ्ग स्वास्थ्यकर्मी राखिने राष्ट्रिय नीति रहनु ।
- संबिधानमै आधारभुत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा राखिनु ।
- स्वास्थ्य प्रति जनचासोमा बृद्धि हुँदै गइरहेको ।

**चुनौतीहरुः**

- सेवा प्रदान गर्ने मापदण्ड अनुसार भौतिक पूर्वाधार, औजार उपकरणहरु तथा जनशक्तिको कमी ।
- सिमित साधन र श्रोतको प्रयोग गरी संविधान प्रदत्त आधारभूत स्वास्थ्य सेवा सबै जनतामा प्रदान गर्न कठिनाई ।
- तालिम प्राप्त दक्ष जनशक्तिको कमि ।
- भौगोलिक विकटता र जनचेतनामा कमी ।

# ५. नयां नीति तथा रणनीतिको आवश्यकता, निर्देशक सिद्धान्त तथा भावी सोच

## ५.१ नयाँ निति तथा रणनीतिको आवश्यकता

स्वास्थ्य क्षेत्रका विद्यमान समस्या तथा चुनौतीहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप विद्यमान स्वास्थ्य नीति, रणनीति तथा कार्यक्रमहरूलाई स्थानिय तहको प्राथमिकता अनुकुल हुने गरी स्थानिय स्वास्थ्य नीति तथा रणनितिक योजना तयार गर्न आवश्यक रहेको, विद्यमान स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै प्राप्त उपलब्धिहरू दिगो राख्दै थप उपलब्धीहरु हाँसिल गर्न राज्यको संघीय संरचना अनुरुप प्राप्त अधिकार क्षेत्र तथा दायित्वअनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य रहेकोछ । साथै नेपालले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू लाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि यो नीति तथा रणनीतिको अपरिहार्य आबश्यकता रहेकोछ।

## ५.२ भावी सोच (Vision)

- समृद्ध नगरपालिका का लागि सचेत, स्वस्थ र सुखी नागरिक ।

## ५.३ ध्येय(Mission)

- नगरबासीको स्वस्थ रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने ।

## ५.४ लक्ष्य (Goal)

- समतामूलक एवं सुदृढ स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरी नगरबासीको स्वास्थ्य अवस्थामा उच्चतम सुधार ल्याउने ।

## ५.५ उद्देश्यहरू (Objectives)

- सबै स्वास्थ्य सस्थाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधी, औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम र प्रभावकारी स्वास्थ्य सेवा प्रणाली सुनिश्चित गर्ने ।
- नगर भित्र वर्ग, जाती, क्षेत्र र लिंग को आधारमा पिछडिएका सबै नगरबासीले सबै वडा तथा बस्तीबाट सहज, सुलभ, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी सेवाको पहुँच अभिबृद्धि गर्ने ।

- स्वस्थ जीवन शैली प्रवर्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर गर्ने कारक तत्वहरुलाई निरुत्साहित गर्नकालागि अनुकुल वातावरण सृजना गर्ने ।
- आपतकालीन र बिपदको अवस्थामा स्वास्थ्य सेवा प्रवाह प्रभावकारी रुपमा अविच्छिन्न उपलव्ध गराउने ।
- स्वास्थ्य सेवा व्यवस्थापनमा अन्तर सरकारी,सामुदायिक तथा बहुपक्षीय समन्वय, साझेदारी र सहकार्य गर्ने साथै आवश्यकता अनुरुप नीजि र गैरसरकारी क्षेत्रसँग पनि सहकार्य गर्ने।
- सुशासन, जवाफदेहिता र जिम्मेवारीपनको प्रवर्धन गरी स्वास्थ्य सेवालाई जन उत्तरदायी बनाउने ।
- स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि र समुचित प्रयोग गरी स्वास्थ्य समस्याका कारणले पर्ने व्यक्तिगत व्ययभारको अनुपात कम गर्ने ।

## ६. स्वास्थ्यनीतिहरु

१. नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिएको सुनिश्चित गरिनेछ ।

२. स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रर्वद्धनात्मक, प्रतिकारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ ।

३. स्वास्थ्य सेवालाई सर्वशुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या, भूगोल र संघीय संरचना अनुरुप शीप मिश्रीत दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ ।

४. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक औषधी, औषधीजन्य सामाग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गरिनेछ ।

५. जीवनपथको अवधारणा अनुरुप सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरि तथा प्रजनन् स्वास्थ्य,प्रौढ तथा जेष्ठ नगरिक लगायतका सेवाहरुको बिकास र बिस्तार गरिनेछ ।

६. नगरपालिका क्षेत्रभित्रका सवै नागरिकहरुलाई तोकिए बमोजिम विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्दै लगिनेछ ।

७. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा विकास र विस्तार गरिनेछ ।

८. नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिने छ ।

९ . सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गरिनेछ ।

१०. मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ ।

११. जनसांख्यिक तथ्याङ्क व्यवस्थापन अनुसन्धान तथा विश्लेषण गरी निर्णय प्रकृया तथा कार्यक्रम तर्जुमा सँग आबद्ध गरिनेछ।

१२. बढ्दो सहरीकरण, आन्तरिक तथा बाह्य बसाई सराई जस्ता विषयहरुको समायानुकुल व्यवस्थापन गर्दै यसबाट हुने जनस्वास्थ्य सम्बन्धी समस्याहरुलाई समाधान गरिनेछ ।

१३. स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकूल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ ।

१४. स्वास्थ्य प्रणालीलाई नगरपालिका तहमा पुनसंरचना सुधार एवं विकाश तथा विस्तार गरिनेछ ।

१५. स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तिय श्रोत तथा विशेष कोषको व्यवस्थापन गरिने छ ।

१६. स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ ।

१७. बिभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।

## ७. स्वास्थ्य नीतिका रणनीतिहरु

**१. नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिएको सुनिश्चित गरिनेछ ।**

१.१ तोकिएका आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिबृद्धि गर्न संघ, प्रदेश तहसंग आवश्यक समन्वय सहकार्य र स्रोत व्यवस्थापन गरिनेछ ।

१.२ आधारभूत स्वास्थ्य सेवाको पहुँच बढाउन साथै प्रतिकारात्मक र प्रवर्द्धनात्मक सेवाको पहुँच बढाउन सेवा प्रदायक स्वास्थ्य संस्थालाई तथा स्थानलाई व्यवस्थित गर्दै सेवाका सुचिहरु थप गरिनेछ ।

१.३ स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवाको क्रमशः विस्तार गरिदै लगिनेछ ।

**२. स्वास्थ्यमा सर्वव्यापी पहुँच को अवधारणा अनुरुप प्रर्वद्धनात्मक, प्रतिकारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ ।**

२.१ स्वस्थ रहनु नागरिक स्वयंको जिम्मेवारी हो भन्ने तथ्यलाई स्वास्थ्य सचेतना तथा समुदाय परिचालन मार्फत प्रवर्द्धन गरिनेछ ।

२.२ माध्यामिक विद्यालयमा एकजना नर्सिङ्ग स्वास्थ्यकर्मी उपलव्ध गराई विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२.३ बहुनिकाय समन्वयमा लक्षित वर्गले पाउने स्वास्थ्य सेवा अनिवार्य रुपमा लिनुपर्ने व्यवस्था गरिनेछ ।

२.४ विभिन्न उमेर,लिङ्ग, वर्ग, समूह तथा क्षेत्रका नागरिकलाई प्राथमिकता दिदै स्वास्थ्यमा सर्वव्यापी तथा समतामूलक पहुँचलाई सुनिश्चिता गर्न कोही पनि नछुट्ने व्यवस्था मिलाइनेछ ।

२.५ वातावरण, सरसफाई, खानेपानी, स्वास्थ्य,पोषण तथा खाद्यपदार्थ लगाएतका विषयमा बहुनिकाय समन्वयमा निगरानी प्रणालि लागु गरिनेछ ।

२.६ स्थानीय आवश्यकता, नागरिकको आनीवानी र व्यवहारलाई सम्बोधन गर्न स्वास्थ्य सम्वन्धी सन्देस र सामाग्री उत्पादन प्रसारण र नियमन गरिने छ ।

**३. स्वास्थ्य सेवालाई सर्वशुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या, भूगोल र संघीय संरचना अनुरुप शिप मिश्रीत दक्ष स्वास्थ्य जनशक्तिको विकास, विस्तार,आपुर्ति तथा उपयोग गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ ।**

३.१ संघ र प्रदेश संगको समन्वयमा आवश्यक स्वास्थ्य जनशक्तिको प्राप्ती तथा उपयोग गरिने छ । साथै स्थानिय आवश्यकता अनुसार स्वास्थ्य संस्थामा कर्मचारी व्यबस्था गरीने छ ।

३.२ स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्थामा लामो अवधिसम्म कार्य गरेको अवस्थामा उसलाई अन्य स्वास्थ्य संस्थामा पनि काम गर्ने अवसर प्रदान गरिनेछ । साथै उत्कृष्ट कार्य गर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरु मध्येबाट बार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

३.३ सबै वडाहरुमा रहने स्वास्थ्य संस्थामा आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न आकस्मिक अवस्थाको प्रारम्भिक उपचार, प्रयोगशाला सेवा तथा आधारभूत एकीकृत उपचार सेवा प्रदान गरिनेछ ।

३.४ सबै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मिहरुको लागि आबश्यक तालिमको ब्यबस्था गर्नुको साथै प्राप्त गरेको तालिमको अभिलेखीकरण तथा नियमित रुपमा अद्यावधिक गरिनेछ ।

**४. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक औषधी, औषधीजन्य सामाग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गरिनेछ ।**

४.१ संघ तथा प्रदेश तहसँगको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरुमा नगरपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध भएको सुनिश्चत गरिनेछ ।

४.२ संघ तथा प्रदेश तहको नीति अनुरुप प्रत्येक स्वास्थ्य संस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना तथा बिस्तार गरिनेछ ।

४.३ तोकिएको मापदण्ड अनुरुप गुणस्तरीय औजार, उपकरणको आपूर्ति व्यवस्था सुदृढ तथा सुनिश्चित गरिनेछ ।

४.४ निश्चित कार्यविधि र मापदण्डको विकास गरी औषधी, उपकरण र औषधीजन्य सामग्रीहरू खरिद, ढुवानी तथा वितरण पद्धति, औषधीको गुणस्तर सम्बोधन गर्न तथा बजार मूल्य नियन्त्रणको सुनिश्चितताका लागि प्रभावकारी नियमनको व्यवस्था अवलम्बन गरिनेछ ।

**५. जीवनपथको अवधारणा अनुरुप सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरि तथा प्रजनन् स्वास्थ्य,प्रौढ तथा जेष्ठ नागरिक लगायत सबै किसिमका सेवाहरुको बिकास र बिस्तार गरिने छ ।**

५.१ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।

**५.२ आधारभुत स्वास्थ्य सेवा केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरुमा आवश्यक निम्नतम मापदण्डहरु पुरागरी प्रसूतिसेवा संचालन गरिने छ ।**

५.३ संघ र प्रदेश तहसंगको समन्वयमा सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइने छ ।

५.४ बिभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरिनेछ ।

५.५ सुरक्षित गर्भपतन सेवालाई थप व्यबस्थीत गर्दै गुणस्तरीय र प्रभावकारी बनाईने छ । लैंगिक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।

५.६ होम डिलिभरि शुन्य गराउनका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने र बच्चा स्वास्थ्य संस्थामै जन्माउन अनिवार्य गराइने छ ।

५.७ सुनौलो हजारदिनको कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

५.८ सामाजिक अभियानहरु प्रभावकारी रुपमा संचालन गरिने छ ।

५.९ बालमैत्री ,महिलामैत्री तथा किशोर किशोरीमैत्री कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न स्वास्थ्य संस्था,बिद्यालय तथा समुदाय स्तरमा स्वास्थ्य शिक्षा तथा परामर्श कक्षा संचालन गरिने छ ।

**५.१० ७० बर्ष भन्दा माथि उमेरका जेष्ठ नागरिकहरुलाई घरदैलोमै गई स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।**

**६. नगरपालिका क्षेत्रभित्रका सवै नागरिकहरुलाई तोकिए बमोजिम विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्दै लगिनेछ ।**

६.१ स्वास्थ्य बिमा मार्फत आधारभूत स्वास्थ्य सेवा सहित विशेषज्ञ स्वास्थ्य सेवालाई समेत निशुल्क रुपमा पाउने व्यवस्था सुनिश्चित गरिने छ ।

६.२ नगर क्षेत्रभित्र रहेका सवै वडा तथा पहुँच बाहिरका बस्तीहरुमा निःशुल्क घुम्ती स्वास्थ्य सिविर संचालन गरी विशेषज्ञ सेवा बस्ती स्तरमै प्रदान गरिनेछ ।

६.३ विपन्न वर्गहरुमा कडा तथा असामान्य रोगहरुको विशिष्टकृत सेवाका लागी आर्थिक सहायता सहित प्रेषण प्रणालीमा सुढृढ गरिनेछ ।

६.४ नगरक्षेत्रभित्र सुविधा सम्पन्न विशेषज्ञ सेवा सुढृढीकरण का लागि संघ तथा प्रदेश सरकार संग उचित समन्वय स्थापना गरिनेछ।

**७. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा विकास र विस्तार गरिनेछ ।**

७.१ स्वर्गद्वारी नगरपालिकाको प्रत्येक वडाहरुमा आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा सेवालाई एकीकृत रुपमा प्रदान गर्न आयुर्वेद औषधालयको क्रमशः स्थापना गरिदै लगिने छ ।

७.२ स्थानिय रुपमा उपलब्ध औषधिजन्य जडिवुटिहरुको पहिचान,संरक्षण, संकलन र प्रवर्द्धन गर्दै आयुर्वेद चिकित्सामा आत्मनिर्भरतामा अभिवृद्धि गरिनेछ ।

७.३ स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न आयुर्वेद र योगलाई सँगसँगै लैजानका लागि योगशालाको निर्माण गर्दै लगिनेछ ।

७.४ परम्परागत उपचार गर्दै आएका धामी,झाँक्री लगाएतका उपचारकर्मीहरुको पहिचान गरी आयुर्वेद तथा आधुनिक चिकित्सा पद्धतीसँग जोडिने गरी अभिमूखिकरण गरिनेछ ।

**८. नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिने छ ।**

८.१ स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थ आहार,विहार, व्यायाम, योग तथा ध्यानविधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ्य हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका केन्द्रहरु स्थापना गरिदै लगिनेछ ।

८.२ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका लागि प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा मनोसामाजिक परामर्श तथा उपचार सेवाको सुरुवात र बिस्तार गरिनेछ ।

८.३ लागू पदार्थको नियन्त्रण,मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गर्न समन्वय गरिनेछ ।

८.४ स्वास्थ्य,पोषण र पूर्ण सरसफाई प्रवर्द्धनका लागि बहुक्षेत्रीय समन्वय र सहकार्यमा ३ "स"अभियान( सफा चर्पी,सफा भान्छा,सफा घर आँगन र हराभरा करेसाबारी) संचालन गरिनेछ ।

८.५ सडक दुर्घटना लगायत अन्य प्रकोप रोकथामका लागि जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपले संचालन गरिने छ ।

८.६ मुटुरोग, मधुमेह, मृगौला रोग, दीर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात जस्ता दीर्घ रोगहरुको रोकथाम र ब्यवस्थापन गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिने छ ।

८.७ विशिष्टकृत सेवाका लागि प्रेषण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।

**९. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गरिनेछ ।**

९.१ नगर तथा वार्ड स्तरीय विपत व्यवास्थापन समिति गठन गरी कोषको स्थापना गरिनेछ ।

९.२ सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग तथा बिभिन्न महामारीजन्य रोगका बिरुद्ध प्रवर्धनात्मक,प्रतिकारात्मक तथा द्रुत प्रतिकार्य(Rapid Response) जस्ता कार्यक्रम संचालन गरिने छ

९.३ बिभिन्न प्रकारका फोहोरहरुको उचित व्यवास्थापन गरिनेछ ।

९.४ पुर्ण सरसफाई घोषणा कार्यक्रम कार्य विधि बनाई नगरपालिकालाई पुर्ण सरसफाइयुक्त नगरपालिका घोषणा गरिने छ ।

९.५ खाली जमिनमा बृक्षारोपण गरी एक गाउँ एक रिचार्ज पोखरी अबधारणा ल्याइनेछ ।

९.६ मापदण्ड अनुसार मासु पसल खोल्नकोलागी समन्वय गरिनेछ ।

९.७ मापदण्ड अनुसार भूकम्प प्रतिरोधात्मक भौतिक संरचना निर्माण गराइनेछ ।

९.८ विभिन्न किटजन्य, पशुपन्छीजन्य र अन्य रोगबाट बच्नको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरी भ्याकसीनहरुको व्यवास्थापन गरिनेछ ।

९.९ जलबायु अनुकुलन योजना बनाई कार्यान्वयन गरिनेछ ।

**१०. मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ ।**

१०.१ विभिन्न पोसिलो तथा स्वास्थ्यवर्द्धक खाद्य पदार्थहरुको उपभोगलाई प्रोत्साहन गर्दै घरायसी उत्पादनलाई प्रवर्द्धन गरिने छ ।

१०.२ पोषण संवेदनशिल कृषि उत्पादन तथा उपभोगको प्रर्वधन गर्न कृषि क्षेत्र लगायत सम्बन्धित सरोकारवालाहरु सँग समन्वय र पैरवी गरिनेछ ।

१०.३ स्वास्थ्य र पोषण प्रवर्धनका लागि बस्ति स्तरमा स्वास्थ्य आमा समुहको परिचालन गर्ने गरि पोषण प्रबर्धन केन्द्रहरुको क्रमश: स्थापना र संचालन गरिने छ ।

१०.४ संघीयस्तरमा निर्माण भएको बहुक्षेत्रीय पोषण योजनालाई स्थानिय परिवेश अनुकुल बनाई कार्यान्वयन गरिने छ ।

१०.५ बहुक्षेत्रीय समन्वयको माध्यमबाट बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिला तथा जेष्ठ नागरिकहरुको पोषण सुधारलाई प्राथमिकता दिइनेछ ।

१०.६ स्वास्थ्यमा नकारात्मक असर पार्ने आहारहरुको सेवन र बजारीया तयारी खाना (जंक फुड)को बिक्री वितरण तथा प्रयोगलाई क्रमश: निरुत्साहित तथा नियमन गरिनेछ ।

१०.७ विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रमलाई सुदृढिकरण गर्दै विकास तथा सञ्चालन गरिने छ ।

**११. जनसांख्यिक तथ्याङ्क व्यवस्थापन अनुसन्धान तथा विश्लेषण गरी निर्णय प्रकृया तथा कार्यक्रमसंग तर्जुमा सँग आबद्ध गरिनेछ।**

११.१ हरेक वडास्तरको स्वास्थ्य संस्था मार्फत हरेक उमेर समूहको यथार्थ जनसंख्या विवरण आध्यावधिक गरी उमेर समूह लक्षित स्वास्थ्य कार्यक्रहरुको योजना तर्जुमा गरिनेछ।

११.२ अशक्त अपाङ्गता भएकाहरुको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सवै तहमा अपाङ्ग मैत्री संरचना र संयन्त्र विकास गरि लागु गरिनेछ।

११.३ निजि तथा गैर सरकारी क्षेत्रहरु सँग सहकार्य तथा समन्वय गरी जेष्ठ नागरिक परामर्श तथा उपचार केन्द्रहरुको स्थापना गरिनेछ।

११.४ सबै वडाहरुमा हुने पञ्जिकरण विधिलाई अत्याधुनिक प्रविधि सहित अभिलेख गर्ने व्यवस्था सुनिश्चित गरिनेछ।

११.५ स्वास्थ्य क्षेत्रसंग सरोकार राख्ने सबै क्षेत्रको एकिकृत सूचना प्रणाली विकास गरी वार्षिक नगर प्रतिवेदन प्रकाशन गरिनेछ।

११.६ तथ्यमा आधारित योजना तर्जुमा र स्वास्थ्य सर्बेक्षण र अनुसन्धानलाई विशेष जोड दिईनेछ।

११.७ सबै वडाहरुमा कडा तथा असाध्य रोगीहरुको लागत संकलन गरी थप तथा विशिष्टिकृत सेवा लिनमा उचित प्रवन्ध मिलाईने छ।

११.८ स्वास्थ्य संस्थामा जन्मिने वच्चालाई अनिवार्य रुपमा जन्म प्रमाण पत्र उपलब्ध गराई पञ्जिकरण विधिसंग विस्तारै जोडिनेछ।

११.९ सबै स्वास्थ्य संस्थामा DHIS 2 मार्फत एकीकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली मार्फत Onlineप्रतिवेदन पद्धती थालनी गरिने छ ।

११.१० जेष्ठ नागरिक उपचार तथा सेवाको लागि अवाश्यक पर्ने औषाधी, उपकरण तथा अन्य सामग्रीहरुको सुनिश्चितताको लागि प्रभावकारी व्यवास्था अवलम्वन गरिनेछ ।

११.११ विभिन्न वर्ग, जाती, धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था विश्लेषणगरी अवाश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागु गरिनेछ ।

११.१२ नियमन, अनुगमन, मूल्यांकन तथा व्यवस्थापनलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

**१२. बढ्दो शहरीकरण, आन्तरिक तथा बाह्य बसाई सराई जस्ता विषयहरुको समायानुकुल व्यवस्थापन गर्दै यसबाट हुने जनस्वास्थ्य सम्बन्धी समस्याहरुलाई समाधान गरिनेछ ।**

१२.१ विकास, भौतिक पूर्वाधार तथा आधारभूत स्वास्थ्य सेवा तथा निःशुल्क आधारभूत शिक्षा समुदाय स्तर सम्म पुगेको सुनिश्चितता गरिनेछ ।

१२.२ व्यक्तिगत घटना दर्तालाई तोकिएको समय भित्र अनिवार्य गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१२.३ व्यवस्थित सहरीकरण, बस्ती विकासलाई मापदण्ड निर्धारण गरी लागू गरिनेछ ।

**१३. स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकूल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ।**

१३.१ स्वास्थ्य चौकी नभएका वडाहरुमा कम्तीमा १/१ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ।

१३.२ सेवाको पहुँच नपुगेको बस्तीहरुमा शहरी स्वास्थ्य केन्द्र क्रमशः स्थापना गरिनेछ।

१३.३ प्रत्येक वडामा गाँउघर क्लिनिकको संख्या ३ देखि ५ वटा सम्म संचालन गरिनेछ।

१३.४ प्रत्येक वडामा ३ देखि ५ वटा खोप केन्द्र संचालन गरिनेछ।

१३.५ प्रत्येक बस्तिहरुमा आवश्यकता अनुसार स्वास्थ्य आमा समुहको गठन तथा पुनर्गठन गरि क्षमता अभिवृद्धि गरिनेछ।

१३.६ प्रत्येक बस्तिका स्वास्थ्य आमासमुह परिचालित हुनेगरि स्वास्थ्य तथा पोषण प्रबर्धन केन्द्रको क्रमशः स्थापना र संचालन गरिने छ ।

१३.७ प्रत्येक वडाका स्वास्थ्य संस्था भवन, बाह्य खोप केन्द्र भवन, गाँउ घर क्लिनिक भवन तथा आवश्यक भौतिक पुर्वाधार तथा औजार उपकरण उपलव्ध गराइने छ।

१३.८ प्रत्येक माध्यामिक विद्यालय स्तरमा नर्सिङ स्वास्थ्यकर्मिको व्यवस्था गरिनेछ।

**१४. स्वास्थ्य प्रणालीलाई नगरपालिका तहमा पुनसंरचना सुधार एवं विकास तथा विस्तार गरिनेछ ।**

१४.१ प्रत्येक वडामा समानरुपमा भौतिक पूर्वाधार, दक्ष जनशक्ति तथा अन्य उपकरण व्यवस्था गरिनेछ ।

१४.२ प्रत्येक खोपकेन्द्रमा आवश्यक जग्गाको ब्यबस्था गरी खोपकेन्द्र भवन निर्माण गरिनेछ ।

१४.३ नगरपालिका स्वास्थ्य क्षेत्रको लागी नयाँ स्वास्थ्य प्रोफाइल तयार गरिनेछ ।

१४.४ विपद, दैबिप्रकोप आदि जस्ता आपतकालीन अवस्थामा ब्यबस्थापन तथा सहयोग गर्न बिपद ब्यबस्थापन समिति(DMC) तथा द्रुत प्रतिकार्य समूह(RRT)गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१४.५ घरयासी,व्यक्तिगत तथा वातावरणीय सरसफाईमा विभिन्न कार्यक्रम मार्फत महिला सहभागिता बढाइनेछ ।

१४.६ स्थानिय क्षेत्रमा उपलब्ध औषधीजन्य बोटविरुवालाई आधुनिक प्रविधिद्वारा औषधी निर्माण र प्रशोधन गरिनेछ ।

१४.७ न.पा.क्षेत्रभित्र रहेका बालवालिका तथा महिलाहरुलाई अनिवार्य रुपमा आवश्यक खोप, पोषण, महिनावारी, स्वच्छता सम्वन्धि पुर्ण आनीबानि परिवर्तनमा बिशेष ध्यान दिइनेछ ।

१४.८ प्रत्येक स्वास्थ्य संस्थाहरुलाई इन्टरनेट संजाल मार्फत सूचना आदान प्रदान गरिने छ ।

**१५. स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तिय श्रोत तथा विशेष कोषको व्यवस्थापन गरिनेछ ।**

१५.१ स्वास्थ्य सेवामा सबैको पहुँचमा वृद्धि गर्न र व्यक्तिगत खर्चलाई कमगर्न, राजस्व करलाई वित्तिय श्रोतमा परिचालन गरिनेछ।

१५.२ स्वास्थ्य क्षेत्रमा समग्र आम्दानी, लगानी र बाँडफाँड प्रयोग र नीति कार्यक्रम योजना तर्जुमा प्रयोग गरिनेछ।

१५.३ अन्तर्राष्ट्रिय विकास साझेदारहरुबाट लिइने आर्थिक सहयोगलाई परिमाण तथा प्राथमिकता निर्धारण गरेर दोहोरोपना नहुने गरि प्रभावकारि परिचालन गराईनेछ।

१५.४ नगरवासीहरुलाई स्वास्थ्य बिमामा सहभागि गराई व्यक्तिगत अधिकतम खर्चमा कमि ल्याईनेछ।

१५.५ नगरपालिकामा स्वास्थ्य विपत व्यबस्थापनको लागि विशेष (संचित) कोषको स्थापना गरिनेछ ।

**१६. स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचनाप्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ ।**

१६.१ स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि नगर स्तरीय स्वास्थ्य प्रवर्धन रणनीति तयार गरी लागू गरिनेछ ।

१६.२ स्वास्थ्य उपचारको जानकारी पाउने हकलाई सुनिश्चित गर्न सुसुचित स्वास्थ्य सेवा प्रवाहमा जोड दिईनेछ ।

१६.३ प्रवर्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवा प्रवाहका लागि संघ र प्रदेश संग समन्वय र सहकार्यमा प्रत्येक विद्यालयमा नर्सको व्यवस्था गरिदै लगिनेछ ।

१६.४ स्वास्थ्य, पोषण, जीवन उपयोगी शिप,वृहत यौनिकता शिक्षा तथा सूचना लगायत बिषयहरु विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गरी लागू गर्न अन्तर सरकारी समन्वय र सहकार्य गरिनेछ ।

१६.५ स्वास्थ्य प्रबर्धनको लागि समुदायका सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यम सँग समन्वय तथा सहकार्य गरिनेछ ।

१६.६ दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**१७. बिभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।**

१७.१ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसाय जन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग सहकार्य तथा समन्वय गरिनेछ ।

१७.२ औद्योगिक तथा उच्च जोखिम भएका कार्यस्थलहरुमा कार्यरत कामदारलाई जोखिम न्यूनीकरणका साथै अत्यावश्यक एवं आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

१७.३ व्यवसायिक रुपमा हुन सक्ने जोखिम बाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन विमा भएको सुनिश्चित गरिनेछ ।

१७.४ कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईनेछ ।

## ८. संस्थागत व्यबस्था

नीति कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको नेतृत्व तथा प्रदेश स्वास्थ्य निर्देशनालयको समन्वयमा नगरपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरु रहनेछन् । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तर्गत प्राथमिक अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरु,आधारभूत स्वास्थ्य सेवा केन्द्र,आयुर्बेद औषधालय,शहरी स्वास्थ्य केन्द्र,गाउँघर किलिनिक,खोप किलिनिक, एक्सरे सेवा,प्रयोगशाला सेवा,एम्बुलेन्स सेवा,योग तथा प्राणायाम आदि सेवाहरु संचालन तथा थप बिस्तार गरिनेछ । मानव संशाधन विकासका लागि प्रदेश स्तरीय स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु संग आवश्यक सहयोग, समन्वय एवं सहजीकरण गरिने छ ।

## ९. वित्तीय श्रोत

यस नीतिको कार्यान्वयन मूलत स्थानिय सरकार,प्रदेश सरकार, संघिय सरकारको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्देश्यहरु हाँसिल गर्न स्थानिय सरकार,प्रदेश सरकार र संघिय सरकारका सबै मन्त्रालयहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडि ल्याइनेछ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन हुनेछन । यसका साथै यो नीति कार्यान्वयन गर्न स्थानिय स्वास्थ्य क्षेत्र कार्यन्वयन रणनीति तथा लागत सहितको कार्य योजना निर्माण गरी राष्ट्रिय तथा

अन्तर्राष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गरिनेछ ।

## १०.अनुगमन तथा मूल्याङ्कन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्यांकन गर्ने दायित्व स्थानिय सरकार,प्रदेश सरकार र संघिय सरकारका बिभिन्न सरोकारवाला निकायहरुको हुनेछ । स्थानीय तह एवं अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागिता मूलक समिक्षा र अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस रणनीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ११.जोखिम

स्वास्थ्य क्षेत्रका आयामहरुको एकिकृत विकास तथा सुदृढिकरणमा समन्वय, सहकार्य तथा सामञ्जस्यता कायम गर्न संघीय व्यवस्थामा अभ्यस्त नभईसकेको, प्रदेश तथा स्थानीय तहमा जिम्मेवारी तथा क्षेत्राधिकार तोकिएता पनि स्वास्थ्य संस्था र जनशक्ती हस्तान्तरणमा ढिलाई, संख्यात्मक रुपमा सेवाको विस्तार गर्दा स्वास्थ्य सेवाको गुणस्तरमा हुनसक्ने कमी, अस्पष्ट जिम्मेवारी तथा क्षेत्राधिकार, बित्तिय तथा अन्यस्रोतको कमी रहनु साथै स्वास्थ्य बहुआयामिक र बहुपक्षीय उपज हुने र अन्य क्षेत्रका क्रियाकलापका प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पनि महत्वपूर्ण हुने भएकाले स्थानिय स्वास्थ्य रणनीति २०७६-२०८१ लागू गर्दा कार्यान्वयनमा कठिनाई हुनसक्ने जोखिम देखिन्छ ।

## १२. खारेजी र बचाउ

हाल सम्म स्थानिय तहमा स्वास्थ्य रणनीति लागू नभएकोले खारेजीको व्यवस्था गर्नु नपर्ने

## अनुसुची १

## सरोकारवालाहरुको नक्साङ्कन

| क्रियाशिल निकाय वा संस्थाको नाम र संख्या | कार्यक्षेत्र(कार्यरत वडा) | मुख्य कार्यक्रमहरु | कैफियत |
|---|---|---|---|
| **प्राथमिक स्वास्थ्य केन्द्र-१** | **स्वर्गद्वारी न.पा.४** | बाल स्वास्थ्य (खोप,पोषण,एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम), आमा सरक्षा (गर्भवती जाँच,प्रसूति सेवा र सुत्केरी सेवा), परिवार योजना, आकस्मिक स्वास्थ्य सेवा, स्वास्थ्य बिमा कार्यक्रम, रोग नियन्त्रण (क्षय कुष्ठ, औलो,डेंगु, एचआइभि एड्स,कालाजार), सामुदायिक स्वास्थ्य कार्यक्रम (म.स्वा.स्व.से.,गाउँघर क्लिनिक), विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम,जेष्ठ नागरिक भेट कार्यक्रम, प्रयोगशाला सेवा, एक्सरे सेवा, एम्बलेन्स सेवा, किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा लगायत अन्य विभिन्न कार्यक्रम | सेवा प्रवाह क्षेत्र स्व.न.पा.को अधिकाश क्षेत्र तथा रोल्पा सिमाक्षेत्र समेत गरि धेरै रहेको |
| **स्वास्थ्य चौकी - ६** | **स्वर्गद्वारी न.पा.१,२,५,७,८ र ९** | बाल स्वास्थ्य (खोप,पोषण,एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम), आमा सरक्षा (गर्भवती जाँच,प्रसूति सेवा र सुत्केरी सेवा), परिवार योजना, रोग नियन्त्रण (क्षय कुष्ठ, औलो,डेंगु, एचआइभि एड्स,कालाजार), सामुदायिक स्वास्थ्य कार्यक्रम ( म.स्वा.स्व.से.,गाउँघर क्लिनिक), विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, जेष्ठ नागरिक भेट कार्यक्रम, किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा लगायत अन्य विभिन्न कार्यक्रम, PMTCT सेवालगायत अन्य विभिन्न कार्यक्रम | |
| **आधारभुत स्वास्थ्य सेवा केन्द्र- २** | **स्वर्गद्वारी न.पा.वडा नं.३ र ६** | कार्यक्रम), आमा सरक्षा (गर्भवती जाँच,प्रसूति सेवा र सुत्केरी सेवा), परिवार योजना, रोग नियन्त्रण (क्षय कुष्ठ, औलो,डेंगु, एचआइभि एड्स,कालाजार), सामुदायिक स्वास्थ्य कार्यक्रम ( म.स्वा.स्व.से.,गाउँघर क्लिनिक), विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, जेष्ठ नागरिक भेट कार्यक्रम, किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा लगायत अन्य विभिन्न कार्यक्रम, PMTCT सेवालगायत अन्य विभिन्न कार्यक्रम | |

| | | | |
|---|---|---|---|
| **शहरी स्वास्थ्य केन्द्र-३** | **स्वर्गद्वारी न.पा.२, ६ र ९** | बाल स्वास्थ्य (खोप,पोषण,एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम), आमा सरक्षा (गर्भवती जाँच,र सुत्केरी सेवा), परिवार योजना, रोग नियन्त्रण (क्षय कुष्ठ, औलो,डेंगु, एचआइभि एड्स,कालाजार), सामुदायिक स्वास्थ्य कार्यक्रम (म.स्वा.स्व.से.,गाउँघर क्लिनिक), विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम ,जेष्ठ नागरिक भेट कार्यक्रम, किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा लगायत अन्य विभिन्न कार्यक्रम | आधारभुत स्वास्थ्य सेवाका महत्वपूर्ण क्षेत्रहरु |
| **खोपकिलिनिक-३५** | **स्वर्गद्वारी न.पा.का सबै वडाहरु** | २ बर्षमूनिका बालबालिका र गर्भवति महिलाहरुलाई तोकिएका खोपहरु तोकिएको मिति र स्थानमा गई खोपसेवा संचालन गर्ने गरिएको | प्रत्येक महिनाको ९ गते देखि १३ गते सम्म संचालन भईरहेको |
| **गाँउघर किलिनिक-२१** | **स्वर्गद्वारी न.पा.का सबै वडाहरुको स्वास्थ्य संस्था रहेको स्थानबाट टाढारहेको बस्तिहरु** | प्रत्येक महिनाको १९ गते देखि २१ गते सम्म तोकिएको बस्तिहरुमा स्वास्थ्यकर्मीहरु गई तोकिएका स्वास्थ्य सेवाहरु प्रदान भइरहेको | बिशेषगरि परिवार नियोजन सेवा,गर्भबति जाँच,पोषण सेवा,प्राथमिक उपचार सेवा तथा स्वास्थ्य शिक्षा र परामर्श सेवा आदि |
| **महिला स्वास्थ्य स्वयंसेबिका-६३** | **स्वर्गद्वारी न.पा.का सबै वडाहरुको साबिकको गा.बि.स.का सबै वडाहरु** | तोकिएको बस्तिहरुमा रहि तोकिएका स्वास्थ्य सेवाहरु प्रदान गर्दै आईरहेको | |
| **आयूर्बेद औषधालयहरु-२** | **स्वर्गद्वारी न.पा.वडा नं. २ र ३** | बिरामी जाँच तथा औषधि बितरण,बिद्यालय आयूर्बेद तथा योगशिक्षा कार्यक्रम,स्तनपाइ आमाहरुलाइ दुग्धबर्धक औषधि बितरण,गाँउघर /शहरी किलिनिक संचालन,बिभिन्न दिबसहरु,जडीबुटी परिचयात्मक तथा लागत संकलन कार्यक्रम आदि | |
| **महिला बिकास** | **कार्यक्षेत्र(वडा)** | **कार्यक्रमहरु** | **कैफियत** |
| महिला सञ्जाल, बाल संरक्षण समिति, बाल सञ्जाल, बालमैत्री स्थानिय शासन समिति, महिला हिंसा नियन्त्रण समिति | स्वर्गद्वारी न.पा.का सबै वडाहरु | महिला तथा बालबालिका सम्बन्धि योजना तर्जुमा गर्ने,कार्यान्वियन गर्ने बालबिबाह न्यूनिकरण गर्ने । | |
| **शिक्षा** | **कार्यक्षेत्र(कार्यरत वडा)** | **कार्यक्रमहरु** | **कैफियत** |

| | | | |
|---|---|---|---|
| मा.वि. -९<br>आ.वि -६<br>प्रा.वि -<br>बा.वि.के. -<br>निजी मा.बि.२<br>निजी प्रा.बि. | स्वर्गद्वारी न.पा.का सबै वडाहरु | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत जुकाको औषधि वितरण तथा किशोरीहरुलाई आईरन वितरण तथा पोषण सप्ताह कार्यक्रम | |
| **खानेपानी तथा सरसफाई** | **कार्यक्षेत्र(कार्यरत वडा)** | **कार्यक्रमहरु** | **कैफियत** |
| **खानेपानीका स्रोतहरु :**<br>**प्राकृतिक मूल(क्वा)-**<br>**सतहको पानी-**<br>**लिफटिङ्ग-**<br>**अन्य स्रोत-** | स्वर्गद्वारी न.पा.का सबै वडाहरु | पूर्ण सरसफाई र आनिबानी परिवर्तनका लागि एक घर एक धारा तथा ३ स (सफा चर्पी, सफा भान्सा,सफा घर आगन र हराभरा करेसाबारी) अभियान संचालन भईरहेको | |
| **गैह्र सरकारी संघ संस्थाहरु** | **कार्यक्षेत्र(कार्यरत वडा)** | **कार्यक्रमहरु** | **कैफियत** |
| सेभ दचिल्ड्रेन,युएनएफपिए/आड्रा नेपाल,सुआहारा,कालिकाविकासकेन्द्र,किडस,फुलबारी ग्रामिण बिकास संस्था आदि | स्वर्गद्वारी न.पा.का बिभिन्न तोकिएका वडाहरु | पोषण,परिवार नियोजन,क्षयरोग नियन्त्रण,किशोर किशोरी मैत्री स्वास्थ्य सेवा, बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम आदि | |